# “शहीद प्रतिष्ठान नेपालको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१”

**प्रस्तावना** :- शहीद प्रतिष्ठान नेपालको तर्फबाट शहीदका सन्ततीलाई बार्षिक रुपमा प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले शहीद प्रतिष्ठान नेपालको मिति २०८० माघ १३ गते सम्पन्न चौधौं वार्षिक साधारण सभाको निर्णय अनुसार यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषाः

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम “शहीद प्रतिष्ठान नेपालको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१” रहेको छ ।

(ख) यो कार्यविधि शहीद प्रतिष्ठान नेपालको कार्यसमितिले स्वीकृत गरे पछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

**(क) “प्रतिष्ठान”** भन्नाले शहीद प्रतिष्ठान नेपाललाई सम्भन्नु पर्छ ।

**(ख) “कार्यसमिति”** भन्नाले शहीद प्रतिष्ठान नेपालको कार्यसमितिलाई सम्भन्नु पर्छ ।

**(ग) “विधान”** भन्नाले शहीद प्रतिष्ठान नेपालको विधानलाई सम्भन्नु पर्छ ।

**(घ) “नियमावली”** भन्नाले शहीद प्रतिष्ठान नेपालको नियमावलीलाई सम्भन्नु पर्छ ।

**(ङ) “छात्रवृत्ति”** भन्नाले शहीदका सन्ततीलाई उच्च शिक्षा (स्नातकोत्तर) तहमा विभिन्न विषयमा शोध, अध्ययन, अनुसन्धान, तालिम वा प्रशिक्षणका लागि शहीद प्रतिष्ठान नेपालले उपलब्ध गराएको आर्थिक अनुदान, सुविधा वा प्राविधिक सहायता सम्भन्नु पर्छ ।

**(च) “छात्रवृत्ति छनौट समिति वा छनौट समिति”** भन्नाले दफा ८ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्भन्नु पर्छ ।

**(छ) “शहीद सन्तती”** भन्नाले शहीदका छोरा/छोरी, नाति/नातिनालाई सम्भन्नु पर्छ ।

**(ज) “सूचना”** भन्नाले छात्रवृत्तिको लागि दरखास्त आव्हान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचना सम्भन्नु पर्छ ।

**(झ) “तोकिए वा तोकिए बमोजिम”** भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा यस कार्यविधिले तोके वा तोकिए बमोजिम भन्ने सम्भन्नु पर्छ ।

## परिच्छेद - २

## छात्रवृत्तिका लागि कोटा निर्धारण, दरखास्त आह्वान, सिफारिस

**३. छात्रवृत्तिका लागि कोटा निर्धारण :** स्नातकोत्तर तहमा नियमित अध्ययनरत शहीदका सन्तती मध्ये एक जनालाई विभिन्न विषयमा शोध, अध्ययन, अनुसन्धानका लागि शहीद प्रतिष्ठान नेपालको तर्फबाट छात्रवृत्ति उपलब्ध गराइने छ । एक आर्थिक वर्षमा एक जना विद्यार्थीलाई यो छात्रवृत्ति वापत वार्षिक रु ५०,०००।- (अक्षरुपी पचास हजार रुपैयाँ ) प्रदान गरिने छ । प्रत्येक आर्थिक वर्षको वजेट, नीति तथा

कार्यक्रम बनाँउदा शहीद प्रतिष्ठान नेपालले छात्रवृत्तिको कोटा तथा छात्रवृत्ति वापतको रकमका सवालमा पुर्नविचार गर्न सक्ने छ ।

**४. दरखास्त आह्वान :**

(क) शहीद प्रतिष्ठान नेपालले प्रत्येक वर्ष स्नातकोत्तर तहमा अध्ययनरत शहीदका सन्ततीहरु मध्येबाट शोध, अध्ययन तथा अनुसन्धान गर्न चाहनेहरुबाट १५ दिनको अवधि तोकेर राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना आह्वान गर्ने छ ।

(ख) दरखास्त दिँदा विद्यार्थीले तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ । दरखास्त दिँदा कुनै पनि शुल्क लाग्ने छैन । छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा अनुसुची १ मा तोकिए बमोजिम हुने छ ।

(ग) उपदफा (क) बमोजिम संकलन गरिएको निवेदनहरु छात्रवृत्ति छनौट समितिमा पेश गर्नु पर्ने छ । छनौट समितिले आवश्यक जाँचबुझ गरी निवेदन स्वीकृत वा रद्द गर्न सक्ने छ ।

(घ) निर्धारित समय भित्र परेका निवेदनहरुमा दफा ६ बमोजिम कसैको पनि रित नपुगेमा ती निवेदनहरु रद्द गरी पुन दरखास्त आह्वान गर्न छात्रवृत्ति छनौट समितिले प्रतिष्ठानको कार्यसमितिलाई सिफारिस गर्न सक्ने छ ।

(ङ) उपदफा (घ) बमोजिम छात्रवृत्ति छनौट समितिले गरेको सिफारिस बमोजिम प्रतिष्ठानले १५ दिनको अवधि तोकेर पुन सार्वजनिक सुचना आह्वान गर्ने छ ।

(च) निर्धारित समय भित्र संकलन गरिएका निवेदनहरु मध्ये रित बमोजिम एउटा मात्र निवेदन स्वीकृत भएमा उक्त दरखास्त छात्रवृत्तिका लागि स्वतः छनोट भएको मानिने छ । स्वीकृत आवेदनहरु एकभन्दा वढी भएमा छनौट समितिले मुल्यांकन गरी योग्य उमेदवारको नाम प्रतिष्ठानलाई सिफारिस गर्ने छ ।

**५. आवेदकको योग्यता :** प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्तिका लागि आवेदन दिन चाहने व्यक्तिले प्रतिष्ठानले तोकेको न्युनतम योग्यता पुरा गरेको हुनु पर्ने छ ।

(क) शहीद परिवार, बेपत्ता योद्धाको परिवारको सदस्य (छोरा, छोरी, नाति, नातिनी) हुनुपर्ने छ ।

(ख) नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) स्नातकोत्तर तहको शोधकार्य गरिरहेको हुनुपर्ने छ ।

(घ) प्रतिष्ठानले समय सापेक्ष हुने गरी आवेदकको योग्यता तोक्न तथा हेरफेर गर्न सक्ने छ ।

**६. आवेदकले आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु** : छात्रवृत्तिका लागि आवेदन दिने आवेदकले अनुसुची १ को ढाँचामा निवेदन दिनु पर्ने छ । निवेदनका साथ तपसिलमा उल्लेख भए बमोजिमका कागजातहरुको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्ने छ ।

(क) शहीद परिवार भएको स्थानीय तह वा जिल्लाबाट प्रमाणित पत्र (राजपत्रमा सूची प्रकाशित भएकाहरुको हकमा सुची नम्वर समेत खुलेको हुनु पर्ने छ) ।

(ख) शहीदसँग नाता खुल्ने नाता प्रमाणित पत्रको प्रतिलिपि ।

(ग) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) SEE देखी स्नातकसम्मका शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु ।

(ङ) सम्बन्धित विश्वविद्यालय वा क्याम्पसको सिफारिस ।

(च) सम्बन्धित विश्वविद्यालय वा क्याम्पसबाट स्वीकृत भएको शोधको परियोजना कार्यको प्रतिलिपि ।

(छ) शोधकर्ताको आगामी कार्ययोजना ।

(ज) प्रतिष्ठानले कुनै अन्य कागजात आवश्यक ठानेमा सो सम्बन्धी कागजात समेत आवेदकले आवेदनका साथ प्रस्तुत गर्नु पर्ने छ ।

**७. मुल्यांकन र सिफारिस :**

(क) छनौट समितिले स्वीकृत आवेदनहरु मध्येबाट तपसिलका आधारमा एकजना विद्यार्थीलाई छात्रवृत्तिका लागि छनोट गर्ने छ ।

| क्र.स. | क्षेत्र | कुल अंक | अंक दिने मापदण्ड |
|---|---|---|---|
| १ | SEE | १ | प्रथम श्रेणी वा ३.२ भन्दा माथी ग्रेड प्राप्त गरेमा अंक १, द्धितिय श्रेणी वा २.८ माथी ग्रेड प्राप्त गरेमा अंक ०.५, तृतिय श्रेणी वा २.४ भन्दा माथी ग्रेड प्राप्त गरेमा अंक ०.२५ र २.४ भन्दा कम ग्रेड भएकालाई ० अंक |
| २ | प्लस 2 | १ | प्रथम श्रेणी वा ३.२ भन्दा माथी ग्रेड प्राप्त गरेमा अंक १, द्धितिय श्रेणी वा २.८ माथी ग्रेड प्राप्त गरेमा अंक ०.५, तृतिय श्रेणी वा २.४ भन्दा माथी ग्रेड प्राप्त गरेमा अंक ०.२५, र २.४ भन्दा कम ग्रेड भएकालाई ० अंक |
| ३ | स्नातक | १ | प्रथम श्रेणी वा ३.२ भन्दा माथी ग्रेड प्राप्त गरेमा अंक १, द्धितिय श्रेणी वा २.८ माथी ग्रेड प्राप्त गरेमा अंक ०.५, तृतिय श्रेणी वा २.४ भन्दा माथी ग्रेड प्राप्त गरेमा अंक ०.२५ र २.४ भन्दा कम ग्रेड भएकालाई ० अंक |
| ३ | शहीद आवसीय विद्यालयमा अध्ययन गरेको | १ | शहीद आवसीय विद्यालयको सिफारिसको आधारमा अंक १ |
| ४ | लक्षित समुह | १ | महिला, दलित, जनजाती, अल्प संख्यक समुदायवाट अंक |
| ५ | शोधकर्ताको आगामी कार्ययोजना | २ | छनौट समितिको मुल्यांकन |
| ६ | अन्तरवार्ता | ३ | छनौट समितिको मुल्यांकन |

(ख) अन्तरवार्तामा सहभागि हुदाँ आवेदकहरुले आवेदनका साथ पेश गरेका सबै कागजातहरुको सक्कल प्रति सहित उपस्थित हुनु पर्ने छ ।

(ग) छनौटमा परेको विद्यार्थीको नाम सहित छात्रवृत्तिका लागि छनौट समितिले प्रतिष्ठानलाई सिफारिस गर्ने छ ।

(घ) छात्रवृत्ति छनौट समितिले गरेको सिफारिस बमोजिम प्राप्त नामलाई प्रतिष्ठानले आफ्नो सूचना पार्टी र Website मार्फत सार्वजनिक गर्ने छ ।

(ङ) छनौट भएको योग्य आवेदकको विषयमा सूचना प्रकाशित भएपछि कोही कसैको दावी विरोध रहेमा सूचना प्रकाशित भएको मितिले सात दिनभित्र प्रतिष्ठानको कार्यलयमा स्पष्ट कारण सहित निवेदन दिन सकिने छ । त्यसरी प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी प्रतिष्ठन कार्यसमितिले निर्णय गर्नेछ । प्रतिष्ठान कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ३

## छात्रवृत्ति छनौट समिति

**८. छात्रवृत्ति छनौट समिति :**

(क) शहीद प्रतिष्ठान नेपालले छात्रवृत्ति सम्बन्धी नीति निर्धारण गरी छात्रवृत्ति छनौटका लागि देहायका सदस्यहरु रहेको तीन सदस्यीय छात्रवृत्ति छनौट समिति निर्माण गर्ने छ ।

(१) शहीद प्रतिष्ठान नेपालको कार्यसमिति बैठकले गरेको निर्णय बमोजिम शिक्षाविद एक- संयोजक

(२) शहीद प्रतिष्ठान नेपालको कार्य समितिबाट प्रतिनिधी एक - सदस्य

(३) शहीद प्रतिष्ठान नेपालको कर्मचारीहरु मध्येबाट एक - सदस्य

(ख) छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार:**

(क) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(१) संकलित आवेदन उपर आवश्यक जाँचबुझ गरी आवेदन स्वीकृत वा अस्वीकृत गर्ने ।

(२) स्वीकृत आवेदनहरु उपर आवश्यक जाँचबुझ गरी छनौट समितिले निर्धारण गरेको मुल्यांकनको आधारमा योग्य उमेद्वार छनौट गर्ने ।

(३) स्वीकृत आवेदनहरुको प्राथमिकता क्रम निर्धारण गर्ने एवं छनौट भएका योग्य उमेद्वारको नाममा छात्रवृत्ति उपलब्ध गराउन प्रतिष्ठान समक्ष सिफारिस गर्ने ।

(४) छात्रवृत्ति छनौट समितिका सबै काम कारवाहीको अभिलेख राख्ने ।

(५) प्रतिष्ठानले छात्रवृत्ति छनौट समितिलाई दिएको नीति निर्देशनलाई पालना गर्ने ।

# परिच्छेद ४

## विविध

**१०. सम्झौता गर्नुपर्ने** :

छात्रवृत्तिमा छनौट भएका योग्य उमेद्‌वारले निर्धारित समयभित्र प्रतिष्ठानसँग अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।छात्रवृत्तिमा छनौट भएको कुनै व्यक्तिले निर्धारित समयभित्र प्रतिष्ठानसँग गर्नुपर्ने सम्झौता गर्न नआएमा छनौट समितिको सिफरिसमा प्रतिष्ठानले प्राथमिकता क्रममा रहेको अर्को व्यक्तिलाई सम्झौताका लागि आह्वान गर्न सक्ने छ ।

**११. विषय परिवर्तन गर्न नदिइने** :

छात्रवृत्तिमा छनौट भई प्रतिष्ठानसँग सम्झौता भइ सकेपछि आफुले गर्न चाहेको शोधको विषय परिवर्तन गर्न दिइने छैन ।

तर कुनै व्यक्तिले सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत विषयमा शोध गर्न खोजेकोमा त्यसरी अध्ययन गरेको विषय परिवर्तन गर्नु पर्ने भएमा स्पष्ट कारण देखाई सम्वन्धित शिक्षण संस्थाको सिफारिस सहित निवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिव देखिएमा प्रतिष्ठानको सहमतिमा विषय परिवर्तनको स्वीकृति दिन सकिनेछ ।

**१२. छात्रवृत्तिको समयावधि थप गर्न सक्ने** :

कुनै कारणले पूर्व निर्धारित अवधिभित्र शोध कार्य सम्पन्न हुन नसक्ने कारण देखाई म्याद थपको निमित्त प्रतिष्ठान समक्ष निवेदन दिएमा प्रतिष्ठानलाई कुनै आर्थिक व्ययभार नपर्ने गरी म्याद थपको स्वीकृति दिन सक्नेछ ।

**१३. प्रतिवेदन पेश गर्नुपर्ने** :

छात्रवृत्ति प्राप्त गरेको व्यक्तिले अध्ययन सकिएको मितिले तीन महिनाभित्र प्रतिष्ठानको कार्यलयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१४. किस्तावन्दीमा उपलव्ध गराउने** :

छात्रवृत्ति वापतको रकम प्रतिष्ठानले छात्रवृत्ति पाउने व्यक्तिलाई किस्तावन्दीमा दुइ किस्ता गरी उपलव्ध गराउने छ । पहिलो किस्ता सम्झौता सम्पन्न भए पछि रु २०,०००।- (बिस हजार रुपैयाँ) र अन्तिम किस्ता रकम प्रतिवेदन बुझाइ सके पछि रु ३०,००/- (तीस हजार रुपैयाँ) उपलव्ध गराइने छ । शोध वापतको रकम बैकं खातामा उपलव्ध गराइने छ ।

**१५. नसियत दिइने**

(क) योग्यता ढाँटी आवेदन दिएको पाइएमा उक्त व्यक्तिलाई प्रतिष्ठाको छात्रवृत्तिमा भविष्यमा समेत समावेश हुन नपाइने गरी निर्णय गरिने छ ।

(ख) सम्झौता सम्पन्न गरी पहिलो किस्ता बुझेका व्यक्तिहरुले शोध कार्य सम्पन्न नगरेमा बाँकी किस्ता दिइने छैन । त्यस्ता व्यक्तिलाई आगामी दिनमा समेत शहीद प्रतिष्ठान नेपालको कुनै पनि कार्यमा सहभागी गराइने छैन ।

(ग) उपदफा (ख) बमोजिमका व्यक्तिहरुले शहीद प्रतिष्ठान नेपालको तर्फबाट दिइने कुनै अनुदान, सहयोग र सहुलियत प्राप्त गर्ने छैनन् । शहीद प्रतिष्ठान नेपालको शाखा सञ्चालन नियमावली

बमोजिम गठन हुने कुनै पनि समितिमा कम्तीमा ३ कार्यकालसम्म चुन्न चुनिन र प्रतिनिधी हुन पाउने छैन ।

**१६. संशोधन र हेरफेर** :

यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुने छ । कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्नु परेमा शहीद प्रतिष्ठान नेपालको कार्य समितिको बैठकले संशोधन र हेरफेर गर्न सक्ने छ ।

## अनुसुची १

## आवेदन फारम

मिति :....................

श्री अध्यक्ष ज्यू,

शहीद प्रतिष्ठान नेपाल,

**विषय : छात्रवृत्तिको लागि आवेदन पेश गरिएको बारे ।**

प्रस्तुत विषयमा शहीद प्रतिष्ठान नेपालको मिति....................गतेको सुचना अनुसार छात्रवृत्ति पाउन म योग्य रहेकोले तपशिलको विवरण सहित यो निवेदन पेश गर्दछु ।

१) नाम थर : :.......................................................

२) ठेगाना

क) स्थायी ..................................................................

ख) अस्थायी : ..............................................................

३) जन्म मिति :...............................................................

४) बुबाको नाम :....................................  ५) आमाको नाम :..................................................

६) शहीदको नाम :....................................  ७) शहीद सँगको नाता :..........................................

८) अध्ययन गरेको तह र कक्षा :.................  ९) अध्ययन गरेको शैक्षिक संस्था :..............................

१०) नागरिकता नं र जारी जिल्ला  ........................  ११) सम्पर्क नं.:.............................................

१२) बैक खाता नं.:......................................................................

१४) खाता रहेको बैकको नाम र शाखा  :.........................................................

१५) शोधको विषय :.............................................  १६) शोधका लागि लाग्ने समय :...................

**संलग्न कागजातहरु**

(क) शहीद परिवार भएको स्थानीय तह वा जिल्लाबाट प्रमाणित पत्र (राजपत्रमा सुची प्रकाशित भएकाहरुको हकमा सुची नम्वर समेत खुलेको हुनु पर्ने छ। )

(ख) शहीद सँग नाता खुल्ने नाता प्रमाणित पत्रको प्रतिलिपि

(ग) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

(घ) SEE देखी स्नातक सम्मका शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि

(ङ) सम्वन्धीत विश्वविद्यालय वा क्याम्पसको सिफारिस

(च) सम्वन्धीत विश्वविद्यालय वा क्याम्पसबाट स्वीकृत भएको शोधको परियोजना कार्यको प्रतिलिपि

(छ) शोधकर्ताको आगामी कार्ययोजना

निवेदक

..................................

## अनुसूची २

## सम्झौता पत्र

जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता रही काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ मा कार्यालय रहेको शहीद प्रतिष्ठान नेपाल (यस पछि प्रथम पक्ष भनिएको ) र ..........जिल्ला ..........नगर/गाँउ पालिका वडा नं. ......वतन भइ हाल ................विश्वविद्यालयको ........... कलेजमा स्नातकोत्तर तहमा अध्ययन गर्ने श्री/सुश्री ........................... (यस पछि दोश्रो पक्ष भनिएको) का बीच शहीद प्रतिष्ठान नेपालले वर्ष ...........का लागि प्रदान गर्ने छात्रवृतिका सम्बन्धमा तपशिल बमोजिमका शर्त बन्देजका अधिनमा रही सेवा लिने दिने गरी दुवै पक्षको राजीखुशी मञ्जुरीले यो सम्झौता पत्रमा सही छाप गरी एक एक प्रति लियौं दियौं ।

**शर्त बन्देजहरू**

१. प्रथम पक्षले माग गरे बमोजिमका आवश्यक सबै कागजात दोश्रो पक्षले उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले आफुले अध्ययन/अनुसन्धान गर्न खोजेको विषय स्पष्ट रुपमा उल्लेख गरी परियोजना प्रतिवेदन प्रथम पक्षलाई उपलब्ध गराउने छ ।
३. दोश्रो पक्षले आफुले अध्ययन/अनुसन्धान गर्न प्रस्ताव गरी प्रथम पक्षलाई उपलब्ध गराए बमोजिमको प्रतिवेदन अनुसारको अध्ययन/अनुसन्धान सम्पन्न गर्नु पर्ने छ ।
४. अध्ययन/अनुसन्धानको अवधि एक शैक्षिक सत्र हुनेछ । समयावधि बढाउनु परेमा छात्रवृत्ति कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ ।
५. दोश्रो पक्षले प्रथम पक्ष सामु प्रस्ताव गरेको अध्ययन/अनुसन्धान सम्बन्धी विषय सामान्यतया परिवर्तन गर्न पाइने छैन । परिवर्तन गर्न पर्ने विशेष अवस्था आएमा दोश्रो पक्षले प्रथम पक्षलाई समयमै जानकारी गराउने छ ।
६. दोश्रो पक्षले अध्ययन/अनुसन्धान समाप्त भएको तीन महिना भित्र अनुसन्धान प्रतिवेदन प्रथम पक्षलाई उपलब्ध गराउने छ ।

७. प्रथम पक्षले छात्रवृत्ति वापतको रकम दुई किस्तामा उपलव्ध गराउने छ । त्यसरी उपलब्ध गराउने रकम दोश्रो पक्षले उल्लेख गराएको बैंक खातामा जम्मा गरी भुक्तानी गरिने छ ।

८. पहिलो किस्ता रकम बुझिसकेपछि अध्ययन/अनुसन्धान कार्य सम्पन्न नगर्ने अध्ययन/अनुसन्धान कर्तालाई बाँकी किस्ता रकम दिन प्रथम पक्ष वाध्य हुने छैन । त्यस्ता व्यक्तिहरुका हकमा आगामी दिनमा कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ ।

८. यो सम्झौता दोश्रो पक्षले अध्ययन/अनुसन्धानको अन्तिम प्रतिवेदन नबुझाए सम्मको हकमा कायम रहने छ ।

९. यो सम्झौतामा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा सम्झौतामा उल्लेख नभएका विषयहरू आपसी परामर्श र कानुन बमोजिम गरिने छ ।

**प्रथम पक्ष** **दोश्रो पक्ष**

धर्मशीला चापागाईं ......................................
**(अध्यक्ष)** ......................................
शहीद प्रतिष्ठान नेपाल ......................................

**साक्षीहरू**

१. ............... जिल्ला ...........नगर/गाँउ पालिका वडा नं. .......स्थायी ठेगाना भइ हाल ........... जिल्ला...........नगर/गाँउ पालिका वडा नं.....बस्ने बर्ष...... को..............................................१

२. . ........... जिल्ला ...........नगर/गाँउ पालिका वडा नं. ....स्थायी ठेगाना भइ हाल ........... जिल्ला ...........नगर/गाँउ पालिका वडा नं. ....बस्ने बर्ष ...... को...........................................१

इति सम्वत २०८१ ...........महिना ......गते रोज ..... शुभम्......................................।